"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

मिति: २०७६/१२/२०

## प्रेस विज्ञप्ती

सप्तरी जिल्लामा भएको धार्मिक सभामा भाग लिन आउनुभएका १३ जना इन्डोनेसियाली नागरिकलाई महालक्ष्मी नगरपालिकाबाट आज फिर्ता पठाइएको छ ।

बिना जानकारी महालक्ष्मी नगरपालिका वडा नम्बर - ४ स्थित मस्जिदमा उहाँहरु रहेको जानकारी पाउनासाथ नगर प्रमुखका हैसियतले मैले मुस्लिम आयोगका माननीय अध्यक्षज्यू र गृहसचिवज्यूसँग फिर्ता पठाउनेबारे परामर्श गरेको थिएँ । तत्पश्चात् प्रतिनिधिसभाका माननीय सांसद कृष्णलाल महर्जनज्यू, प्रदेशसभा सदस्य माननीय माधव पौडेलज्यू, ललितपुरका प्रमुख जिल्ला अधिकारीज्यू, ललितपुरका प्रहरी प्रमुखज्यू र महानगरीय प्रहरी प्रभाग सातदोबाटोका प्रमुखज्यूसहितको छलफल गरी विदेशी नागरिकहरुलाई सकुशल नगर क्षेत्रबाट फिर्ता पठाइएको छ ।

कोरोना भाइरसका कारण मुलुकमा लकडाउन भएकाबेला सप्तरीबाट काठमाडौंको बालाजु हुँदै महालक्ष्मी नगर क्षेत्रमा ल्याउने व्यक्ति वा निकायहरुको छानबिन गरी कारबाही गर्न र सत्यतथ्य जनसमक्ष सार्वजनिक गर्न म माग गर्दछु ।

कोरोना भाइरसको संक्रमणबाट जोगिन घरमै बस्न, स्वास्थ्य सुरक्षा सावधानी अपनाउन अपिल गर्दै सम्पूर्ण नगरबासीलाई कोही पनि विदेशबाट फर्कनुभएका नेपाली वा विदेशी नागरिक तपाईंको छरछिमेकमा भए नगरपालिकामा तत्काल खबर गरिदिन आग्रह गर्दछु । कोरोना संक्रमणबाट सुरक्षित रहन नगरबासीले गर्दै आउनुभएको सहयोग र सहकार्यप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोनः ०१-५२०३५८२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np